## गुठी तैनाथी जग्गा भू-बहालमा दिने सम्बन्धी ३० दिने सार्वजनिक सूचना

यस संस्थान अन्तर्गत का.म.न.पा. वडा नं. ९ शोभा भगवती स्थित श्री नानक मठ गुठी कि.नं. ३९९ क्षे.फ. २-६-०-० जग्गा मध्ये उत्तर तर्फ बाटोसँग जोडिएको करिव ०-३-०-० जग्गा भाडामा दिनु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । जग्गा जे जस्तो अवस्थामा छ, सोही अनुसार भोग चलन गर्ने गरी ठेक्का व्यवस्थाबाट भूबहाल बन्दोवस्त गर्नु पर्ने भएकोले सोका लागि आवश्यक पर्ने बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म यस कार्यालयबाट खरिद गरी आफुले तिर्नु बुझाउन चाहेको दर अंक अक्षरमा भरी शिलवन्दी गरी ८ औं दिनको १२:०० बजे सम्म यसै कार्यालयमा शिलवन्दी गरी बुझाई सक्नु पर्ने छ । सोही दिन अपरान्ह २:०० बजे उपस्थित साक्षी प्रतिनिधिहरुको रोहवरमा प्राप्त बोलपत्रहरु खोलिनेछ । प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन बोलपत्र फाराम रु.१०००। तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट प्राप्त हुनेछ । आफुले बुझाउन चाहेको मासिक बहाल रकम अंक र अक्षरमा बोलपत्र फाराममा स्पष्ट उल्लेख गरी आफुले भरेको दरले ५ बर्षको हुने बहाल रकमको ५% ले हुने रकम यस कार्यालयको धरौटी खाता नम्बर माछापुच्छ्रे बैक खाता नं. २५०१५२४०८०८९२०२२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैकको बैक जमानत पत्र पेश गर्न सकिनेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको फोटोकपि र फर्म, कम्पनीहरुको हकमा फर्म दर्ता, नबिकरण प्यान दर्ता कर चुक्ता लगायत प्रमाणपत्रका फोटोकपिहरु संलग्न गर्नु पर्नेछ । बोलपत्रहरु स्वीकृत भएमा ६ महिनाको हुने बहाल रकम अग्रमी रुपमा धरौटी राख्नु पर्नेछ । रीत नुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र दर्ता गर्न तथा खोल्ने दिन सार्वजनिक विदा पर्न आएमा सोको लगतै कार्यालय खुलेको दिन सो कार्य हुनेछ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकेन छ ।

गुठी संस्थान, शाखा कार्यालय,काठमाडौं
सम्पर्क नं. ०१४२६१३९२

/*-